# ९ अत्यन्त पत्यारिलो प्रमाण

*<u>यस अध्यायका मूल पदहरू</u>*: यूहन्ना ११:५१,५२, एफिसी २:१३-१६, २ कोरन्थी ५:१७-२१, एफिसी ४:२५-५:२, रोमी १४:१-६ र प्रेरित १:१४।

**<u>*यस अध्यायका मूल सार पदहरू*</u>: "४७ तब मुख्य पूजाहारीहरू र फरिसीहरूले महासभाका सदस्यहरूलाई बोलाए र तिनलाई भने, "अब हामी के गरौं? किनभने यस मानिसले (येशूले) त धेरै चिन्हहरू गरिरहेछ। ४८ यसलाई यसै छोडिदियौं भने सबैले यसमाथि विश्वास गर्नेछन् र रोमीहरूले आएर हाम्रो पवित्रस्थान र हाम्रो जाति दुवैलाई नष्ट पार्नेछन्।" ४९ तर तिनीहरूमध्ये एक जना, कैयाफा, जो त्यस वर्षका प्रधान पूजाहारी थिए, उनले तिनीहरूलाई भने, "तिमीहरू केही पनि जान्दैनौ! ५० समस्त राष्ट्र नष्ट हुनुभन्दा बरु जनताको निम्ति एक जना मानिस मर्नुमा नै तिमीहरूको कल्याण छ भनी तिमीहरू बुझ्दैनौ।" ५१ यो तिनले आफ्नै तर्फबाट भनेका थिएनन्, तर त्यस वर्षका प्रधान पूजाहारी भएका हुनाले राष्ट्रको निम्ति येशू मर्नुपर्छ भन्ने अगमवाणी बोलेका हुन्। ५२ राष्ट्रको निम्ति मात्र तिनले यो भनेका थिएनन्, तर छरपष्ट भएका परमेश्वरका सन्तानलाई एकसाथ जम्मा गर्नलाई यो भनिएको थियो।" यूहन्ना ११:४७-५२।**

येशू मुक्तिदाता हुनुहुन्छ भन्ने धारणालाई केन्द्रित गर्दै र समयको अन्त्यको लागि दिइएको बाइबलका सत्यहरूमा जोड दिएर बनिएको साझा सन्देशलाई स्वीकार गर्ने र मान्ने जनहरू प्रत्यक्षरूपमा एकताको शुत्रमा रहन्छन् भनेर अघिल्लो अध्यायमा हामीले अध्ययन गर्‍यौं। परमेश्वरले सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई जुन विशेष सन्देश दिनुभएको छ र त्यस सन्देशलाई सारा विश्वको सामु पुर्‍याउन हामीहरूलाई बोलाइएको कारणले हामी सेभेन्थ-डे एडभेन्टिस्ट हुन गएका छौं। चर्चको एकता र चर्चको लक्ष्य केवल सैद्धान्तिक वा अवधारणामात्र नभएर विश्वासीहरूको दैनिक क्रियाकलापमा कसरी प्रत्यक्षरूपमा वा खुलमखुला देखाइरहेका हुन्छौं भन्ने विषयबस्तुमा यस अध्याय केन्द्रित हुनेछ। चर्चले केवल मुक्तिको सुसमाचार, र परमेश्वर र मानिसको बीचमा पुनर्मिलनको बारेमा प्रचारमात्र गर्ने होइन भन्ने येशूको जिकिर छ। परमेश्वर र मानिसको बीचमा भएको पुनर्मिलनको प्रत्यक्ष प्रमाण चर्चमा भएको

एकताले देखाउँछ भन्ने येशूको आवाज हो। परमेश्वर मानिसहरूसँग मिल्न चाहनुहुन्छ भनेर देखाउन विश्वासीहरूको एकताले व्यक्त गर्नु अत्यन्त जरुरी छ। पाप, अधर्म, दुष्टता, हत्या हिंसा, परमेश्वरप्रति विद्रोह आदिले घेरिएको यस पृथ्वीमा प्रभु येशूको शक्ति र उहाँको मुक्ति दिने कामलाई देखावटी रूपमा साक्षी बक्न चर्च खडा भइरहेको छ। यस संसारको सामु साझा साक्षी भएर देखाउन यदि चर्चका विश्वासीहरूमा मेल भएन र चर्चको लक्ष्यप्रति प्रतिवद्धता देखाउन सकिएन भने येशूको मुक्ति दिने क्रुसको शक्तिको अर्थको खास औचित्य हुँदैन। "येशूमा हामीहरूको भएको एकताले नै एक आफसमा एकै मनका भएर बाँधिराख्छ। चर्चमा भएको एकता नै येशूको गुणिलो र ख्यातिप्राप्त गौरब र मानिसहरूको पाप उठाउने उहाँको शक्तिलाई सारा संसारको सामु अत्यन्त विश्वास दिलाउने वा पत्यारिलो प्रमाण हो।"-एलेन जी ह्वाइट कमेन्टस्, द एसडिए बाइबल कमेन्टरी, ठेली ५, पृ. ११४८बाट रूपान्तरित।

## १. येशूको क्रुसको मुनि

परमेश्वरले आफ्ना जनहरूलाई धेरै आत्मिक आशिष र बरदानहरू दिनुभएको छ। चर्चमा विश्वासीहरूको बीचमा हुने एकता पनि परमेश्वरको बरदान हो। एकता भनेको मानिसहरूको सृजना होइन। एक हुन हामी जतिसुकै प्रयास गरौं, असल काम गरौं वा एक हुन जतिसुकै असल नियत भएतापनि कहीं न कहीं चुकेर मानिस मानिसको बीचमा भएको एकता भङ्ग नै भइरहेको हुन्छ। मौलिकरूपमा हेर्ने हो भने त्यो एकता येशू ख्रीष्टले उहाँको मृत्यु र पुनरुत्थानले सृजना गर्नुहुन्छ। जब हामी उहाँको मृत्यु र पुनरुत्थानलाई विश्वासद्वारा मानेर पापको क्षमा पाएका छौं भनेर प्रमाणित गर्न बप्तिस्मा लिन्छौं तब त्यही मनस्थिति बोकेका हामी सबै साझा सङ्गतिमा लाग्दछौं। जब सारा संसारमा तीन स्वर्गदूतहरूको सन्देश फैलाउँछौं तब हामी उहाँसँग एक हुन्छौं र त्यसको फलस्वरुप हामी सबै जना एक आपसमा एक भएको महसुस गर्दछौं।

**हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैसियतले सबै एक हुन येशूले उहाँको जीवनमा के गर्नुभयो जुन हाम्रो एकताको निम्ति जग बन्यो? हेर्नुहोस्: यूहन्ना ११:५१,५२ "५१ यो तिनले आफ्नै तर्फबाट भनेका थिएनन्, तर त्यस वर्षका प्रधान पूजाहारी भएका हुनाले राष्ट्रको निम्ति येशू मर्नुपर्छ भन्ने अगमवाणी बोलेका हुन्। ५२ राष्ट्रको निम्ति मात्र तिनले यो भनेका थिएनन्, तर**

**छरपष्ट भएका परमेश्वरका सन्तानलाई एकसाथ जम्मा गर्नलाई यो भनिएको थियो।" र एफिसी १:७-१० "७ उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं, ८ जुन अनुग्रह उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो। ९ किनकि सम्पूर्ण बुद्धि र आन्तरिक समझमा ख्रीष्टमा राख्नुभएको उद्देश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ, १० ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन्।"**

येशूको मृत्युको भविष्यवाणी गर्न "कैयाफाले आफ्नै अधिकारले बोलेका थिएनन्। उनी त्यस वर्षको महा पुजाहारी भएको हैसियतले राष्ट्रको निम्ति येशू मर्नै पर्ने भनेर भविष्यवाणी गरेका थिए। तत्कालीन यहूदी राष्ट्र इस्राएलको निम्ति मात्र नभएर जतातनै छरपस्ट भएका परमेश्वरका सन्तानहरूको निम्ति उहाँ मर्नुपर्ने भनेर कैयाफाले भनेका थिए" (यूहन्ना ११:५१,५२ रूपान्तरित)। यो कस्तो अचम्मको कुरो हो कि येशूको मृत्युको बारेमा व्याख्या गर्न परमेश्वरले कैयाफालाई प्रयोग गर्नु भयो। येशूलाई महाअभियोग लगाएर मृत्युको फैसला सुनाउँदा आफूले के गरिरहेको थियो भनेर कैयाफालाई थाहा थिएन। न त उक्त पुजाहारीले अत्यन्त गम्भीर मन्तव्य व्यक्त गर्दा उनले के भनिरहेका थिए उनलाई थाहा नै थियो। कैयाफाले आफ्नो दिमागले गरेको निर्णय अनुसार केवल राजनैतिक भावनामात्र व्यक्त गरेको भनेर उनले सोचेका थिए। तर यूहन्नाले कैयाफाको वक्तव्यलाई परमेश्वरका सारा भक्त जनहरूको आस्था, विश्वास र सत्यको जगलाई प्रकट गरिएको थियो भन्ने अर्थ लगाएका थिए। परमेश्वरका सबै भक्त जनहरूको ठाउँमा येशू मर्नुभएर एक दिन सबैलाई एक पार्न जम्मा गरिने भविष्यवाणी कैयाफाको फैसलाले आभास् दिएको थियो।

हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैसियतले जे विश्वास हामीले गरेतापनि वा जे सन्देश हामीले सुनाएतापनि हामीहरूको एकताको अस्तित्वको जग केवल त्यस साझा स्वीकारमा गाडिएको हुन्छ, त्यो हो हामीहरूको निम्ति येशू मर्नुभएको थियो।

अझ त्यो एकताको अनुभव त्यसबेला गर्छौं जब हामी येशूलाई हामीहरूको बप्तिस्माद्वारा ग्रहण गर्छौं। "येशू ख्रीष्टमा तिमीहरूको भएको विश्वासले गर्दा तिमीहरू सबै परमेश्वरका सन्तान भएका छौ। जति धेरै तिमीहरूले येशूमा बप्तिस्मा लियौ त्यति धेरै तिमीहरूले येशूलाई धारण गरेको

ठहर्छौं।" (गलाती ३:२६,२७ रूपान्तरित)। सारा एडभेन्टिस्टहरू पानीको बप्तिस्माद्वारा बाँधिएका हुन्छन्। यो सबैको निम्ति साझा धागो हो। बप्तिस्माको प्रक्रिया येशू ख्रीष्टमाथि भएको विश्वासको प्रतीक हो। हामीहरूको साझा परमेश्वर पिता हुनुहुन्छ जसले गर्दा परमेश्वरमा हामी सबै जना उहाँका छोराछोरीहरू भएका छौं। र हामीहरूको साझा मुक्तिदाता हुनुहुन्छ जसको मृत्यु र पुनरुत्थानमा हामीले बप्तिस्मा लिएका हुन्छौं (रोमी ६:३,४)।

**हामी विश्वको विभिन्न राष्ट्रहरूमा भएका सेभन्थ-डे एडभेन्टिस्टहरू हौं। हामीहरूमा संस्कार, संस्कृति, जात, सामाजिक र राजनैतिनिक भिन्नताहरू होला। तर येशूलाई साझा विश्वास गरेको कारण मानिसहरूलाई विभाजन गर्ने ती तत्वहरूभन्दा माथि उचलिएर हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू भएका हौं भनेर संसारलाई किन नदेखाउने?**

## २. पुनर्मिलनको सेवाकार्य

हामी यस संसारमा रहेका मानिसहरूले जतिसुकै उच्च सभ्यतामा गइरहेको घमण्ड देखाएतापनि यहाँ अनेकौं दुःखकष्ट, समस्याहरू, युद्ध, द्वन्द, अव्यवस्थित, रोगव्याधी, आतङ्क र अन्यौलताले आफ्नो राज्य जमाइरहेको छ। ती सबै तत्वहरूले हामीहरूको व्यक्तिगत, समाज र राष्ट्रको जीवनमा असर पारिरहेको हुन्छ। समय समयमा हामीहरूको सम्पूर्ण जीवन नै द्वन्द नै द्वन्दले भरिएको अनुभव गर्दछौं। तर अव्यवस्थित, गोलमाल, अनमेल जीवन यस संसारमा सदाको निम्ति रहिरहदैन। सारा जगतलाई एक बनाउने परमेश्वरको लक्ष्य छ। पापले गर्दा संसारमा अनमेल, गञ्जागोल स्थिति पैदा भएतापनि परमेश्वरको अनन्तको योजना छ जब उहाँले सुमधुर पुनर्मिलनद्वारा यस संसारमा शान्ति र जगतलाई चाहिने सबै थोकहरूमा सम्पूर्णता ल्याउनुहुनेछ।

एफिसी २:११-१८मा पावलले विशेष सन्देश कोरेका छन्: "११ याद राख, अघि तिमीहरू शरीरअनुसार अन्यजाति छँदा शरीरमा हातबाट खतना गरिएकाहरूले तिमीहरूलाई बेखतनाका (वा अन्यजाति तथा कुजात) मान्दथे। १२ याद राख, तिमीहरू त्यस बेला ख्रीष्टबाट अलग, इस्राएलका नागरिक हकबाट बाहिर भएका थियौ, र प्रतिज्ञाका करारहरूबाट बिराना, आशा नभएका र यस संसारमा परमेश्वररहित थियौ। १३ तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ। १४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। १५ र उहाँले

व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। १६ अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो। १७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, १८ किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं।"

येशूलाई विश्वास गर्नेहरूको बीचमा शान्ति र मेलमिलाप ल्याउन येशूले कस्तो नीतिहरू अपनाउनुभयो भनेर पावलले यसरी व्यक्त गरेका छन्: क्रूसमा आफ्नो मृत्युद्वारा यहूदी र अन्यजाति तथा कुजात भनेर यहूदीहरूले ठानेका अन्य जातिहरूको बीचमा भएका जातीय र धार्मिक पर्खालहरू भत्काइदिनुभयो। ती पर्खालहरूले गर्दा मानिसहरू एक आपसमा अलग राखिएका थिए। प्रथम शताब्दीमा यहूदी र अयहूदी वा अन्य जातिहरूलाई मिलाउन सफल हुनुभयो भने अहिले पनि हामीहरूको चर्चद्वारा समाजमा भएका जातीय, रङ्गभेद, धार्मिक र सांस्कृतिक पर्खालहरू भत्काउन सक्नुहुन्छ जसले मानिस मानिसको बीचमा विभाजन ल्याएको हुन्छ।

येशूका यही नीतिलाई अपनाएर हामी पनि संसारमा आफ्ना हातहरू फैलाउन सक्दछौं।

**येशू ख्रीष्टद्वारा हामी नयाँ सृष्टि हौं जसले गर्दा हामी परमेश्वरसँग पुनर्मिलन भएका छौं। त्यस सन्दर्भमा यस संसारमा हामीहरूको सेवाकार्य के हो त? यदि हामी चर्चको एकतामा रहिरहन सक्यौं भने यस संसारका मानिसहरूको जीवनमा कस्तो कस्तो प्रभाव पार्न सक्छौं होला? हेर्नुहोस् मानिसहरूलाई मिलाउने येशूको सृजनात्मक चाल र समाजमा हामीहरूले निभाउनुपर्ने भूमिका "१४ ख्रीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ, किनभने हामीलाई यो निश्चय छ, कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे। १५ उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो। १६ यसरी अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले ख्रीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, तर अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौं। १७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। १८ यो सब परमेश्वरबाट**

**भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, १९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। २० यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ। २१ किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।" (२ कोरिन्थी ५:१४-२१)।**

**परमेश्वरका नयाँ सृष्टि वा पुनर्जीवन पाएको हैसियतले यस संसारमा** विश्वासीहरूले आपसी मिलाप गराउन तीन निर्णयात्म सेवाकार्यको कदम चाल्ने अवसर पाउँदछन्: (१) हामीहरूको चर्चमा ती मानिसहरू समावेश भएका छन् जो एफ पटक परमेश्वरबाट टाढा भएका थिए। तर येशूको त्याग र बलिको अनुग्रहले हामीले मुक्ति पाएका छौं र पवित्र आत्माद्वारा हामी परमेश्वरमा एक हुन पुगेका छौं। हामीहरू अवशेष चर्चका सदस्यहरू हौं। सारा संसारलाई केवल येशूले मुक्ति दिने सन्देशमात्र होइन यस संसारको अन्त्य कसरी हुन्छ, किन हुन्छ भन्ने सन्देशहरू सुनाउन हामीहरूलाई बोलाउनुभएको छ। जो मानिसहरू परमेश्वरबाट टाढा वा अलग भएका छन् तिनीहरूलाई परमेश्वरसँग मिल्न र हामीहरूको लक्ष्यमा सामेल हुन आह्वान गर्ने काम हामीहरूको हो। (२) परमेश्वरका जनहरूको बीचमा मेलमिलाप भएको थलो चर्च हो। आत्मिक रूपमा येशूसँग हामी मिल्न गएको हुँदा प्रत्यक्षरूपमा एक आपसमा पनि हामी मिलेको देखाउँछौं। येशूमा सबै विश्वासीहरू एकताको शुत्रमा बाँधिएका हुन्छन् वा हुनुपर्छ। यो कुनै आदर्शका भाषणहरू होइनन् तर सबैले देख्ने वास्तविकता हो र हुनुपर्छ (नत्र भने हामी इसाई वा सेभेन्थ-डे एडभेन्टिस्टहरू भनेर दावी गर्दा संसारलाई र परमेश्वरलाई धोखा दिइरहेका हुन्छौं-अनुवादकको प्रतिक्रिया)। प्रभु येशू ख्रीष्ट हामीहरूको उद्धारकर्ता र मुक्तिदाता हुनुहुन्छ भन्ने सबैको सामु अचुक वा कसैले वहस गर्न नसक्ने साक्षी नै विश्वासी दाजुभाइ दिदी बहिनीहरूको बीचमा मेल र शान्ति हुनु हो। "यदि तिमीहरू एक आपसको बीचमा प्रेम भयो भने सारा संसारले यो थाहा पाउनेछ कि तिमीहरू मेरा चेला वा भक्तहरू हौ" (यूहन्ना १३:३५)। र (३) चर्चले गर्ने मेलमिलापको सेवाकार्यले सारा जगतलाई यो देखाउँदछ कि परमेश्वरको मुक्ति

दिने योजना सत्य र प्रभावकारी वा शक्तिशाली छ।यो अरू कुनै इसाई सम्प्रदायले जनसमक्ष ल्याएको नदेखिएको विशेष शिक्षा हो, परमेश्वर र शैतानको बीचमा भएको र भइरहेको महान् द्वन्द वा विवाद वा ग्रेट कन्त्रोभर्सी।। यो महान विवाद भनेकै शैतानले परमेश्वरको स्वभाव र चरित्रमाथि हमला गर्दा निस्किरहेको नतिजा। जब चर्चले एकता र मेलमिलापको बातावरण सृजना गर्दछ र त्यस अनुसार चलिहरन्छ तब परमेश्वरको अनन्तको ज्ञानबुद्धिले काम गरिरहेकोछ भनेर सारा जगतले हेरिरहेको हुन्छ ("६ सुसमाचारद्वारा नै अन्यजातिहरू सह-उत्तराधिकारीहरू हुन्, एउटै शरीरका अङ्गहरू र ख्रीष्ट येशूमा रहेको प्रतिज्ञाका साझेदार हुन्। ७ उहाँका शक्तिको कार्यअनुसार मलाई दिइएका परमेश्वरको त्यस अनुग्रहको वरदानबमोजिम यस सुसमाचारको म सेवक बनाइएको थिएँ। ८ सबै सन्तहरूमा म अत्यन्त तुच्छ भए तापनि ख्रीष्टको अगम्य सम्पत्तिको सुसमाचार अन्यजातिहरूलाई प्रचार गरूँ भनेर मलाई यो अनुग्रह दिइयो। ९ सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो, १० ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गमा रहेका स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्। ११ योचाहिँ ख्रीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्यअनुसार थियो। १२ उहाँमाथि राखिएको हाम्रो विश्वासद्वारा साहस र दृढ़ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौं।" (एफिसी ३:६-१२)।

## ३. हामी येशूका भक्त हौं भनेर देखाउने तत्वः हामीहरूको व्यवहारमा चर्चको एकता कायम गरिराख्नु

सन् १९०२मा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको संस्थापक सदस्यले यो लेख्नुभएको थियोः "यस संसारमा येशू रहनुहुँदा उहाँको जीवन कस्तो थियो, त्यही जीवन प्रत्येक इसाईको हुनुपर्छ। उहाँ नै हामीहरूको अनुकरणीय उदाहरण हुनुहुन्छ। उहाँको चरित्र निष्कलङ्कमात्र थिएन तर उहाँको स्वभावमा धैर्यता, भद्रपन र सबैको मन जित्ने मिजासिलो व्यक्ति हुनुहुन्थ्यो।"- साइनस् अभ टाइमस्, जुलाई १६, १९०२बाट रूपान्तरित। एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको वचनहरू पावलले फिलिप्पीहरूलाई सम्बोधन गरे जस्तै गरेकी थिइन्ः "जुन दिमाग वा स्वभाव येशू ख्रीष्टमा थियो त्यही दिमाग वा स्वभाव तिमीहरूमा पनि होस्" (फिलिप्पी २:५ रूपान्तरित)।

देहायका पनहरू पढेर दुई प्रश्नहरूको उत्तर दिनुहोस्: हामीहरूको जीवनका कुन पक्षहरूमा हामी येशूप्रति बफादारी छौं भनेर देखाउन आवश्यक छ? हामीहरूको सार्वजनिक जीवनमा येशूको सुसमाचारलाई कसरी व्यवहारबाट देखाउने? हेर्नुहोस्: एफिसी ४:१७-३२ "१७ अब म (पावल) यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरू (प्रभु येशूलाई ग्रहण नगर्नेहरू) जसरी तिनीहरूका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी तिमीहरू अबदेखि उसो नजिओ। १८ तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरूको समझ अन्धकारले भरिएको छ। १९ तिनीहरू कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरू छाडा भएका छन्। २० तर ख्रीष्टलाई त तिमीहरूले यसरी जानेका छैनौ। २१ येशूमा भएको सत्यताअनुसार उहाँको विषयमा तिमीहरूले सुनेका र सिकाइएका छौ भनी म ठान्छु। २२ छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। २३ र आफ्नो भित्री वर्तावमा नयाँ होओ, २४ र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर। २५ यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अङ्गहरू हौं। २६ क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, २७ र दियाबलसलाई मौका नदेओ। २८ चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्। २९ तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्। ३० अनि परमेश्वरका पवित्र आत्मालाई दु:खित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। ३१ सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ। ३२ जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ।, एफसी ५:१-५ "१ यसकारण तिमीहरू प्रिय बालकहरूझैं परमेश्वरको देखासिकी गर्नेहरू होओ। २ तिमीहरू प्रेममा चल, जसरी ख्रीष्टले पनि हामीहरूसँग प्रेम गर्नुभयो, र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो। ३ तर

तिमीहरूका बीचमा व्यभिचार र सारा अशुद्धता अथवा लोभको नाउँसमेत नलिइओस्, जो सन्तहरूका बीचमा हुन सुहाउँदैन। ४ कुनै अश्लील कुरा, मूर्ख बातचित अथवा बेफाइदाको ठट्यौली नगर्नू, यी सुहाउने कुरा होइनन्। तर बरु धन्यवाद दिने काम होस्। ५ किनकि यो त तिमीहरू निश्चय नै जान, कि कुनै व्यभिचारी कि अशुद्ध मानिस अथवा लोभी मानिसलाई (जो मूर्तिपूजक हो) ख्रीष्ट र परमेश्वरको राज्यमा कुनै उत्तराधिकार छैन।" र कलस्सी ३:१-१७ "१ यसकारण यदि तिमीहरू ख्रीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरूको खोजी गर, जहाँ ख्रीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको छ। २ माथिका कुरामा मन लगाओ। पृथ्वीमा भएका कुरामा होइन। ३ किनभने तिमीहरू मरेका छौ, र तिमीहरूको जीवन परमेश्वरमा ख्रीष्टसँग लुकाइएको छ। ४ ख्रीष्ट, जो हाम्रो जीवन हुनुहुन्छ, उहाँ प्रकट हुनुहुँदा तिमीहरू पनि उहाँसँगै महिमामा प्रकट हुनेछौ। ५ यसकारण तिमीहरूमा जो सांसारिक स्वभावका कुराहरू छन् तिनलाई मारः व्यभिचार, अशुद्धता, कामुकता, खराब इच्छा र लोभ, जो मूर्तिपूजा हो। ६ यिनै कुराहरूका खातिर परमेश्वरको क्रोध आज्ञा नमान्नेहरूमाथि आउँदछ। ७ तिमीहरू पनि यी कुरामा रहँदा अघि एक समय यस्तै कुरामा चल्दथ्यौ। ८ तर अब तिमीहरूले पनि यी सबै कुरा त्यागः रीस, क्रोध, डाह, निन्दा, आफ्नो मुखबाट निस्कने फोहोर बोली। ९ एउटाले अर्कालाई नढाँट, किनकि पुरानो स्वभाव त्यसका चलनसमेत तिमीहरूले त्यागेका छौ, १० र नयाँ स्वभाव धारण गरेका छौ, जो आफ्नो सृष्टिकर्ताको रूपअनुसार ज्ञानमा नयाँ भइरहेको छ। ११ यहाँ ग्रीक र यहूदी, खतनाका र बेखतनाका, अशिक्षित, असभ्य, कमारा र फुक्काको भेद रहनेछैन, तर ख्रीष्ट नै सबै कुरा र सबै कुरामा हुनुहुन्छ।

१२ यसकारण परमेश्वरका चुनिएकाहरू, पवित्र र प्रिय भएर तिमीहरूले करुणा, दया, दीनता, नम्रता र धैर्य धारण गर। १३ एउटाले अर्कालाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने, एक-अर्कालाई क्षमा गर्ने गर। जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरूले पनि क्षमा गर्नुपर्छ। १४ यी सबैभन्दा बढ़ी बरु प्रेम धारण गर, जसले सबै थोकलाई सम्पूर्ण एकतामा एकसाथ बाँध्छ। १५ ख्रीष्टको शान्तिले तिमीहरूका हृदयमा राज्य गरोस्। साँच्चै, तिमीहरू त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौ। तिमीहरू धन्यवादी होओ। १६ ख्रीष्टको वचन तिमीहरूमा प्रशस्ततासँग वास गरोस्। पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ, र

**परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ। १७ कुरा वा काममा जे-जे गर्छौ, सबै कुरा उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढ़ाउँदै प्रभु येशूको नाउँमा गर।"**

इसाई हुँ भनेर केवल मुखलेमात्र दावी गर्ने नभएर वा आदर्शका कुराहरू गर्ने मात्र नभएर येशूको उदाहरणमा चल्न र अरूहरूको सामु परमेश्वरको अनुग्रहको जीवित गवाही बन्न बाइबलका विभिन्न खण्डहरूले इसाईहरूलाई आह्वान गर्दछ। अरूहरूको उपकार र कल्याण **गर्न** ख्याल गर्नु भनेर येशूले मत्ती ७:१२मा यसरी भन्नुभएको छ "मानिसहरूले तिमीहरूसँग जस्तो व्यवहार गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै व्यवहार गर, किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षाको सारांश हो।" (अर्थात् मानिसहरूलाई उचित रूपमा सम्मान गर्न असफल भए कुनै किसिमको धर्मको कार्य व बाइबलका अगमवक्ता वा लेखकहरूले दिएका धार्मिक सन्देशहरूको भाषण छाँट्नुको कुनै औचित्य छैन-अनुवादकको टिप्पणी)। विश्वासीहरूमा एक आपसको भार हलुको पार्न हामीलाई बताइएको छ (२ एउटाले अर्काको भार उठाओ, र यसरी ख्रीष्टको व्यवस्था पूरा गर" गलाती ६:२), सरल जीवन जिउनु र बाहिरी देखावटी रूपमा आफू अरूभन्दा धर्मात्मा छु भनेर नदेखाई भित्रिरूपमा अध्यात्मिक जीवन बिताउन हामीलाई आह्वान गरिएको छ (मत्ती १६:२४-२६ "२४ तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्। २५ किनकि जसले आफ्नो प्राण बचाउन चाहन्छ, उसले त्यो गुमाउनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ, त्यसले त्यो पाउनेछ। २६ सारा जगत् प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ? र १ पत्रुस ३:३,४ "३ केशको सिङ्गार, सुनको गहनापात र दामी वस्त्र तिमीहरूको बाहिरी सिङ्गारपटार नहोस्। ४ तिमीहरूका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनाशी रत्नले सजाओ, जो परमेश्वरको दृष्टिमा साह्रै मूल्यवान् छ") र स्वस्थ जीवन शैली अपनाउन पावलले निर्देशन दिन्छ (१ कोरन्थी १०:३१ "यसकारण चाहे तिमीहरू खाओ, अथवा पिओ, वा तिमीहरू जेसुकै गर, सबै परमेश्वरका महिमाको निम्ति गर")।

पत्रुस बिनम्र भएर येशूका विश्वासीहरूले परमेश्वरको चालमा हिँड्न यसरी अनुरोध गर्दछन्: "११ प्रिय हो,म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु,

कि विदेशी र प्रवासीहरू हौ भनी जानेर तिमीहरूका आत्माको विरुद्धमा लड़ाइँ गर्ने शारीरिक अभिलाषाहरूबाट अलग रहो। १२ अन्यजातिहरूका बीचमा तिमीहरूको चालचलन असल होस्। कसैले तिमीहरूलाई कुकर्मी भनी तिमीहरूका विरुद्धमा बोले तापनि तिनीहरूले तिमीहरूका असल कामहरू देखून्, र आगमनको दिनमा तिनीहरूले परमेश्‍वरको महिमा गरून्।" हामी इसाई भनेर दावी गर्नेहरूले हामीहरूको बोलिचाली र चरित्र वा स्वभावलाई हेरिरहने मानिसहरूप्रति संवेदनशील नहुँदा वा वेवास्ता गर्दा हामीहरूले तिनीहरूलाई कस्तो प्रभाव पार्छौं भनेर सजग रहनुपर्छ। रिस उठ्दा वा अरूले हामीहरूले भनेको अनुसार नचल्दा धैर्यता देखाउँदा, तनाव र द्वन्द्व बीचमा अनुशासित जीवन, कसैले हामीलाई कठोर वा रुखो वचन बोलेर हामीलाई चित्त दुखाउँदा र हामीलाई कसैले रिस देखाएर बोल्दा नम्र र भद्र आत्माले उत्तर दिँदा हामीहरूले येशूको स्वभाव देखाइरहेकाछौं भनेर सम्झनुपर्छ। परमेश्‍वरको चरित्रलाई गलतरूपमा व्याख्या गर्ने र देख्ने संसारमा उहाँको महिमाको निम्ति हामीहरूले शक्तिशाली वा प्रभावकारी असली र सकक्ली सेभेन्थ-डे एडभेन्टिस्ट भएर देखाउने जरुरी छ। येशू ख्रीष्टका प्रतिनिधिहरू भएर विश्‍वासीहरू केवल नैतिकवान बनेर देखाउनुमात्र होइन आफ्नो व्यवाहारिक जीवनमा अरूको कल्याण हुने कुराहरूमा चासो देखाउनु पनि आवश्यक छ। यदि हामीहरूको आत्मिक तथा धार्मिक अनुभवहरू असल छ, केवल इसाई नामधारीमात्र नभएर व्यवहारमै उतारेर देखाउन सक्यौं भने सारा संसारमा हामी प्रभाव पार्न सक्दछौं। जब विश्‍वासीहरूले एक भएर येशूको चरित्र तथा स्वभावलाई यस संसारमा देखाउन सके भने येशू तथा उहाँका अनुयायीहरूको बिरुद्धमा कसैले पनि नकारात्मक सोच्न ठाउँ पनि पाउँदैन्न। हो, येशूको स्वभाव लिएर एक बनेर नै संसारको निम्ति हामी प्रभावकारी गवाही बन्न सक्दछौं।

**तपाईं सेभेन्थ-डे एडभेन्टिस्ट हुनुभएको छ। हुनसक्छ तपाईं नियमितरूपमा चर्च पनि जानुहुन्छ होला व दसांश भेटी पनि दिनुहोला तर येशूलाई नचिन्ने संसारको सामु तपाईं कस्तो गवाही भएर देखाइरहनुभएको छ? तपाईंको जीवनमा यस्तो के छ जसले गर्दा अरूले पनि तपाईंको अनुसरण गरुन्?**

## ४. अनेकतामा एकता

प्रेरित पावलकै पालामा पनि रोमका चर्चहरू छिया छिया भइरहेका थिए। चर्चमा एकता थिएन। इसाईहरू विभिन्न मतभेदमा लागिरहेका थिए। त्यहाँ एकता थिएन। विभिन्न विषयबस्तुहरूले गर्दा विभाजित चर्चलाई पावलले कसरी सम्बोधन गरे भनेर रोमी १४ र १५ अध्यायमा हामी पाउँछौं। इसाईहरूमा भएका विभिन्न मतभेद अर्थात् आआफ्नै धारणाहरूले गर्दा तिनीहरूमा बैमनश्यता भएको थियो। जुनसुकै विषयले आपसमा नमिलिरहेको भएतापनि एक आपसमा सहिष्णुता र धैर्यता देखाउन पावलले आह्वान गरेका थिए। रोमीहरूलाई पावलले दिएका सरसल्लाहबाट हामी पनि के सिक्नसक्छौं?

**रोममा रहेका इसाईहरूले एक आपसमा आलोचना र औंला ठड्याउने काम गरिरहेका थिए। त्यसले गर्दा तिनीहरूको बीचमा हुनुपर्ने मिठो सङ्गति भएको थिएन। तिनीहरूको बिबेकमा के चलिरहेको थियो जसले गर्दा इसाई हौं भनेर दावी गरेतापनि येशूको नीतिमा चल्न सकेका थिएनन्? हेर्नुहोस् रोमी १४ः१-९ "१ विश्‍वासमा कमजोर हुने मानिसलाई ग्रहण गर, तर उसको मतसम्बन्धी कुरामा वाद-विवाद गर्नलाई होइन। २ कसैले सबै थोक खान हुन्छ भनी विश्‍वास गर्छ, तर विश्‍वासमा कमजोर हुनेले चाहिँ सागसब्जी मात्र खान्छ। ३ खानेले नखाने मानिसलाई तुच्छ नठानोस्, र नखानेले खानेलाई दोष नलगाओस्। किनभने परमेश्‍वरले त्यसलाई ग्रहण गर्नुभएको छ। ४ अर्काको चाकरलाई इन्साफ गर्ने तिमी को हौ? त्यो त आफ्नै मालिकको सामु खड़ा हुन्छ वा पतित हुन्छ। त्यो खड़ा गराइनेछ, किनभने, त्यसका मालिकले त्यसलाई खड़ा गराउन सक्छ। ५ कुनै मानिसले एउटा दिनलाई अर्को दिनभन्दा बढ़ी महत्त्वको मान्छ, अर्को मानिसले सबै दिनलाई समान ठान्छ। हरेक मानिस आफ्नै मनमा पूर्ण रूपले निश्‍चित हुनुपर्छ। ६ जुन व्यक्तिले कुनै दिनलाई विशेष रूपले पालन गर्छ, त्यसले प्रभुको आदरको निम्ति पालन गर्छ। जुन व्यक्तिले खान्छ, त्यसले प्रभुको निम्ति खान्छ, किनकि त्यसले परमेश्‍वरलाई धन्यवाद दिन्छ। जुन व्यक्तिले खाँदैन, त्यसले परमेश्‍वरको आदरको निम्ति खाँदैन र परमेश्‍वरलाई धन्यवाद दिन्छ। ७ हामी कोही पनि आफ्नै निम्ति बाँच्दैनौं र कोही पनि आफ्नै निम्ति मर्दैनौं। ८ यदि हामी बाँच्छौं भने प्रभुकै निम्ति बाँच्छौं, र मर्छौं भने प्रभुकै निम्ति मर्छौं। ९ चाहे हामी बाँचौं, चाहे मरौं, हामी प्रभुकै हौं। यसैको निम्ति ख्रीष्ट मर्नुभयो र फेरि जीवित हुनुभयो, कि उहाँ मरेकाहरू र जीवितहरू दुवैका प्रभु होऊन्।"**

वास्तविक रूपमा हेर्ने हो भने इसाईहरूको बीचमा यहुदी धर्मले अपनाएका शुद्ध अशुद्ध विधिहरूको बारेमा मतभेद भएको देखिन्छ। यी "शङ्कास्पद विषयहरूमा मतभेदहरू भएको" पावलले बताउँछन् (रोमी १४:१ रूपान्तरित)। ती मतभेदहरू मुक्तिको निम्ति महत्त्वपूर्ण नभएको तर आआफ्नो विचारलाई व्यक्तिगत विवेकमै छोड्नुपर्ने पावलको सोच थियो (रोमी १४:५ "कुनै मानिसले एउटा दिनलाई अर्को दिनभन्दा बढ़ी महत्त्वको मान्छ, अर्को मानिसले सबै दिनलाई समान ठान्छ। हरेक मानिस आफ्नै मनमा पूर्ण रूपले निश्चित हुनुपर्छ)।

तिनीहरूमा एक आफसमा कुरा नमिलेको पहिलो कारण त कुन खाना खानुहुन्छ कुन खाना खानुहुन्न भन्ने विषयमा थियो। लेबी ११मा शुद्ध र अशुद्ध मासुहरूको विषयमा लेखिएको बारेमा ती इसाईहरूको बीचमा समस्या भएको देखिंदैन। पावलको समयमा इसाईहरूले बँगुरको मासु वा अरू अशुद्ध जनावरको मासु खाएको प्रमाण छैन। पत्रुसले त झन खाएकै थिएनन् (प्रेरित १०:१४)। फेरि विश्वासमा कमजोर भएकाहरू साकाहारी भएका थिए (रोमी १४:२) साथै पिउने कुराहरूमा पनि विवाद चलेको थियो ("१५ यदि तिमीले जे खान्छौ त्यस कुराले तिम्रो भाइलाई चोट पार्छ भने, तिमी प्रेममा चलेका हुँदैनौ। जुन भाइको निम्ति ख्रीष्ट मर्नुभयो, तिमीले खाएको कुराबाट उसको नाश नहोस्। १६ यसैकारण तिमीलाई जे असल लाग्छ त्यसलाई अरूले खराब भन्न नदेओ। १७ किनभने परमेश्वरको राज्य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो। १८ जसले यस किसिमले ख्रीष्टको सेवा गर्दछ, त्यो परमेश्वरलाई मन पर्ने र मानिसहरूबाट असल ठहरिएको हुन्छ।" रोमी १४:१५-१८)। ती पिउने वा खाने कुरा शुद्ध र अशुद्ध रितिरिवाजको मामिलामा सम्बोधन गरिएको देखिन्छ। पावलले रोमी १४:१४मा अशुद्ध (koinos) भन्ने शब्द प्रयोग गर्दछन्। यसको अर्थ फोहर पशुहरू भनिएको हो भनेर पौराणिक ग्रीक भाषामा अनुवाद गरिएको पुरानो करारमा प्रयोग गरेको अनुसार हो तर लेबी ११ अनुसार अशुद्ध पशुहरूको बारेमा सम्बोधन गरिएको होइन। रोमको समाजमा कतिपय मानिसहरू थिए जो विश्वासीहरूसँग मिलिजुली खाँदैनथे, किनभने तिनीहरूले पकाएको खाना चित्तबुझ्दो रूपमा नपकाएको वा मूर्तिलाई नचढाएको भनेर पन्छिन्थे।

त्यसरी नै कुन दिन मान्ने कुन दिन नमान्ने भन्ने विषयमा पनि इसाईहरूको बीचमा विवाद चलेको थियो। यो हप्ताको सातौं दिन साबथको

बारेमा विवाद भएको थिएन किनभने पावलले नियमितरूपमा साबथ पालन गर्दथे (प्रेरित १३:१४, १६:१४,१७:२)। तर यहूदी धर्म तथा संस्कारमा भएका विभिन्न चाडका दिनहरू र उपबास बस्ने दिनहरूलाई मान्ने वा नमान्नेको बारेमा विवाद भएको थियो। विभिन्न मानिसहरू आआफ्नै विवेक र सत्य मन अनुसार रितिहरू पालन गर्छन् भने तिनीहरूलाई पालनाप्रति सहिष्णुता देखाउन पावलले आग्रह गर्दछन्। तर ती रीतिथितिहरू पालन गर्नहरूले आफ्नो मुक्तिको लागि पालन गरिएको भनेर सोच्नुहुन्न भनेर पनि पावलले सिकाउन चाहन्छन्। कुनै विषयमा हामी सहमत नभएतापनि एक आपसमा धैर्यता र सहने बानी बसालेर प्रभुमा एक हुनुपर्छ भन्ने पावलको भनाइ हो। यदि विशेष गरेर कुनै विषय हामीहरूको मुक्ति वा विश्वासको निम्ति अपरिहार्य छैन वा नभैनहुने कुरो होइन भने त्यसको निम्ति हामी किन विवाद गर्ने भनेर पावलले जिकिर गर्दछन्।

**हामी सबै सेभेन्थ-डे एडभेन्टिस्टहरू हौं भनेर दावी गर्दछौं तर सबै सेभेन्थ-डे एडभेन्टिस्टहरू एकै नासको संस्कार वा चलनमा चल्नुपर्छ भनेर के हामी ढिपी गर्दछौं त?**

## ५. चर्चको लक्ष्यमा एकता

**प्रभु भोजको बेलामा चेलाहरूको मनस्थिति र पेन्टिकोस्टको समयमा पवित्र आत्मा आउनुभन्दा अघिको मनस्थिति कस्तो फरक थियो? तिनीहरूको जीवनमा त्यस्तो भारी परिवर्तन केले गर्दा भयो? हेर्नुहोस्: लूका २२:२४ "अब तिनीहरूमध्ये सबैभन्दा प्रमुख को गनिने हो भनी चेलाहरूका बीचमा वाद-विवाद हुन लाग्यो।" ("त्यस बेला तिनीहरूमध्ये (चेलाहरू) ठूलो को हो भन्ने विषयमा आपसमा बहस चल्यो" लूका ९:४६)।, प्रेरित १:१३,१४ "१३ सहर भित्र पसेपछि तिनीहरू माथिल्लो तलाको आफू बस्ने कोठामा उक्ले। तिनीहरूचाहिँ पत्रुस, यूहन्ना, याकूब, अन्द्रियास, फिलिप र थोमा, बारथोलोमाइ र मत्ती, अल्फयसको छोरो याकूब र उग्रपन्थी दलको सिमोन र याकूबको छोरो यहूदा थिए। १४ कति जना स्त्रीहरू र येशूकी आमा मरियम अनि उहाँका भाइहरूका साथ यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे।" र प्रेरित २:१,४६ "१ जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए।...४६ तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे।"**

दुवै प्रेरित १:१४ र २:४६मा चेलाहरू एकै मनका भएर बसेका थिए भनेर उल्लेख गरिएको छ। त्यसको अर्थ तिनीहरू एकै मनस्थितिमा जुटिरहेका थिए। केही समय अघि तँछाडमछाड वा को भन्दा को ठूलो भन्ने मनस्थितिले पिरोलेका चेलाहरूमा किन भारी परिवर्तन भयो जसले गर्दा तिनीहरू एकै मनका र एकै लक्ष्यमा पुगे? किनभने तिनीहरू एकै ठाउँमा थिए र पवित्र आत्मा पठाउने येशूको प्रतिज्ञा पूरा गराउन तिनीहरू प्रार्थनामा लागिरहेका थिए। जब तिनीहरू पर्खेर बसिरहेका थिए तिनीहरूले एक आपसमा आलोचना गरेर समय बिताउन सक्थे। कतिपयले त पत्रुसले येशूलाई इन्कार गरेको कुरामा औंल्याउन सक्थ्ये (यूहन्ना १८:१५-१८) र येशूको पुनरुत्थानको बारेमा शङ्का गर्ने थोमालाई कोट्याउन सक्थ्ये (यूहन्ना २०:२५)। येशूको राज्यमा सबभन्दा उच्च पद ओगट्न उहाँसँग अनुरोध गरेको पनि तिनीहरूले सम्झिन (मर्कूस १०:३५-३६) र सबैले हेपिएका वा बिदेशीलाई पोस्ने भनेर भूतपूर्व कर लिने मत्तीलाई पनि आलोचनात्मक रूपमा हेरिरहेका हुनसक्थ्ये (मत्ती ९:९)।

तर, "पवित्र आत्माको निम्ति तयार भइरहेको दिनहरू अत्यन्त गम्भीर दिनहरू थिए। तिनीहरूले आआफ्नो हृदयहरू खोतलिरहेका थिए। चेलाहरूले आफूहरूलाई आत्मिक आवश्यकताको महसुस गरेका थिए र मानिसहरूलाई मुक्तिको सुसमाचार सुनाउने पवित्र काममा योग्य बनाउन परमेश्वरसँग रूँदै प्रार्थना गरिरहेका थिए। तिनीहरूले केवल आफूहरूको निम्तिमात्र आशिष मागेनन्। आफूले पाएका मुक्तिको सुसमाचार अरूलाई पनि कसरी सुनाउने भन्ने सोचको भारीले तिनीहरूलाई थिचिरहेको थियो। सुसमाचार सारा संसारमा फैलाउनुपर्छ भन्ने कुरा तिनीहरूले महसुस गरेका थिए र येशूले गर्नुभएको शक्तिको प्रतिज्ञालाई तिनीहरूले दावी गरेर प्रार्थनामा तल्लीन भइरहेका थिए।"- एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टलस्*, पृ. ३७बाट रूपान्तरित।

चेलाहरूको बीचमा सुमधुर सम्बन्ध, आत्मियतामा एक भएर गरेको सङ्गति र जोडदार प्रार्थनाले गर्दा पेन्टिकोस्टको अतिमहत्त्वपूर्ण अनुभव गर्न ती चेलाहरू तयार भएका थिए। जब तिनीहरूले परमेश्वरको नजिक आफूहरूलाई ल्याए तब तिनीहरूले आफूहरूमा भएका व्यक्तिगत मतभेद, भिन्नता वा भाऊ खोज्ने प्रवृत्तिलाई पन्छाएका थिए। त्यसले गर्दा पवित्र आत्मा तिनीहरूमा खनिएर येशूको पुनरुत्थानको बारेमा नडमगी र निडर भएर गवाही दिन तयार भएका थिए। आफूहरूको कमिकमजोरी र भूलहरू येशूले क्षमा गर्नुभयो भनेर तिनीहरूलाई थाहा थियो। त्यसले गर्दा एक लक्ष्यमा अगाडि बढ्ने साहस

पाए। तिनीहरूको जीवनमा येशूले पल्टाउनुभएको काया वा परिवर्तन तिनीहरूलाई थाहा थियो। येशूमा मात्र मुक्ति पाइन्छ भन्ने कुरामा तिनीहरू अडिग भएका थिए। त्यसकारण "ती चेलाहरूको उच्च लक्ष्य नै आफूहरूमा येशूको चरित्र देखाउनु र उहाँको राज्यको बिस्तार गर्न" तिनीहरू एक जुट भएका थिए"- एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टलस्,* पृ. ३८बाट रूपान्तरित। तिनीहरूमा भएको एकताको मनस्थितिले गर्दा प्रभुले तिनीहरूद्वारा शक्तिशाली कामहरू गर्न सक्नुभएको थियो। यो पाठ अहिले हामीहरूको चर्चमा पनि दोहोरिन आवश्यक छ अर्थात् हाम्रो चर्चमा सबै सेभेन्थ-डे एडभेन्टिस्टहरू एक हुनुपर्ने पाठ ती चेलाहरूबाट सिक्नु आवश्यक छ।

**अरू मानिसहरूको कमिकमजोरिहरू भेट्टाउन धेरै सजिलो छ। तर अरूहरूको कमिकमजोरीहरूलाई पन्छाउन हामीहरूले कसरी सिक्ने? परमेश्वरको महान् कामको निम्ति हामीमा जुनसुकै भिन्नता वा भिन्न धारणा भएतापनि हामीले एक हुन कसरी सिक्ने?**

## उपसंहारः

**थप जानकारीः पढ्नुहोस्, एलेन जी ह्वाइटद्वारा लिखित *इभान्जलिजम* को पृ. ९८-१०३को "युनिटी इन डाइभरसिटी।"**

देहायको भनाइमा सुरुका चर्च एक भएर प्रभुको निम्ति कसरी शक्तिशाली गवाही भए भनेर प्रकट गरिएको छ। चर्चका विश्वासीहरू सबै एक कुराहरूमा एक मत त थिएनन्। तिनीहरूमा कुनै न कुनै कुरामा मतभेत त थियो। तर प्रभुप्रतिको प्रेमले तिनीहरूले ती मतभेदहरू थन्क्याएका थिए। “सुरुको चर्चमा चर्चभित्र निर्णय गर्ने प्रक्रियामा पवित्र आत्माले कसरी सहयोग गरे भनेर बाइबलमा चित्रण गरिएको छ। कमसेकम तिनवटा प्रक्रियाद्वारा सुरुका चर्चका विश्वासीहरूलाई पवित्र आत्माले अगुवाई गर्नुभएको थियोः दर्शनहरूद्वारा (मानिसहरूले के गर्नुपर्छ भनेर दर्शन दिएर जस्तै कर्णेलियस, हननिया, फिलिप र गोला हालेर चेल चुन्ने), धर्मशास्त्रद्वारा (धर्मशास्त्रमुताविक चर्च निष्कर्षमा पुगेका थिए) र सर्वसम्मतिको आधारमा (अप्रत्यक्षरूपमा पवित्र आत्माले चर्चको समुदायमा काम गर्नुभएको थियो। विश्वासीहरूले एक आपसमा छलफल गरेर र अध्ययन गरेर सबैले मान्ने निश्कर्षमा आउँदा पवित्र आत्माले काम गरिरहनुभएको आभास् तिनीहरूले पाएका थिए। जब संस्कार, संस्कृति, विभिन्न रहनसहन, सैद्धान्तिक र धार्मिक विवादमा विश्वासीका समूहहरू फसिरहेका थिए तब सर्वसम्मतिको आधारमा निर्णय गर्ने प्रक्रियामा

पवित्र आत्माले काम गरिरहनुभएको थिए। यस प्रक्रियामा केवल अगुवाहरूलेमात्र निर्णायक भूमिका खेलेका थिएनन् तर विश्वासीहरूको सक्रियता र ठीक महत्त्वपूर्ण निर्णय गर्न सहयोगको लागि प्रार्थनाले पनि भूमिका खेलेको थियो। सुरुका इसाईहरूको समुदायमा पवित्र आत्माको अगुवाईको आभास यसरी पाएका थिएः परमेश्वरको वचन बुझ्न र बुझाउन, विश्वासीहरूको अनुभव र तिनीहरूको आवश्यकतामा र अगुवाहरूले गरेको समर्पित सेवाकार्यको अनुभव गरेर। पवित्र आत्माको सक्रिय अगुवाईले चर्चले विभिन्न निर्णय गरेका थिए। त्यसको साथै पवित्र धर्मशास्त्रको अध्ययन, प्रार्थना र विभिन्न धार्मिक ज्ञानहरूमा छलफल गरेर विभिन्न विषयहरूमा चर्चले निर्णय गरेको थियो।"-डेनिस फोर्टिन, “द होली स्पिरित एण्ड द चर्च" लेख जुन आन्जल म्यानुयल रोड्रिगेद्वारा सम्पादिन *मेसेज, मिसन र युनिटी अभ द चर्चको* पृष्ट ३२१,३२२बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) **चौथो भागमा गरिएको प्रश्नमा सोच्नुहोस्। हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैसियतले कुन शिक्षादीक्षा र व्यवहारिक नीतिहरू अति आवश्यक छन् र कुन छैनन्?**

आ) **हामीले जस्तै येशूको मृत्यु र पुनरुत्थानमा अरू सम्प्रदायका इसाईहरूले विश्वास गरेतापनि हामीहरूको कतिपय शिक्षाहरूमा तिनीहरू नमिले पनि तिनीहरूसँग सम्पर्क कसरी जारी राख्ने?**

**सारांशः** जब येशूलाई विश्वास गर्छु भनेर दावी गर्ने दाजुभाइ दिदीबहिनीहरूको बीचमा येशूको जस्तै प्रेम भएको देखाउँदछ तब त्यसले नै सबैमा पत्यार हुने इसाई एकता देखाउँछ। परमेश्वरले हामीहरूको पाप क्षमा गर्नुभयो र मुक्तिको योजनामा समान धारणा भएकोले नै हामी एडभेन्टिस्टहरू एक आपसमा सङ्गति गर्न गाँसिएका हुन्छौं। येशू ख्रीष्टमा हामीले यसरी संसारलाई हामीहरूको एकतालाई देखाउँछौं र हामीहरूको विश्वास साझा भनेर गवाही दिन्छौं। यो भन्दा कमको निम्ति हामीलाई परमेश्वरले बोलाउनुभएको छैन।

## कथा ९
## आफ्नै आमाले विष ख्वाइन्
## डेसी नाटालिया आङ्गो, २१ इन्डोनेसिया २०

अठार् वर्षकी डेसी नाटालिया आङ्गो अत्यन्त खुशी भइन् जब उनको सङ्गी विद्यार्थी इन्डोनेसियाको टापुको दक्षिण भागमा रहेको सुलावेसीको लिम्बोङ्ग सहरमा सङ्गै एक वर्ष प्रभुको लागि स्वयंसेवक भएर काम गर्न खटाइएको थियो।

ठूलो सहरमा काम गर्न रमाइलै हुनेछ भनेर डेसीले सोचेकी थिइन्। तर जब उनी र उनकी साथी स्थानीय कन्फरेन्स कार्यालयमा पुगे तब तिनीहरूलाई कारमा राखेर तिन घन्टा लामो बाटोमा जान अऱ्हाइयो। तिन घन्टाको लामो कारको यात्रा पछि तिनीहरूलाई मोटर साइकलमा राखियो र पहाडको गाउँमा पाँच घन्टा लामो यात्रा लगियो। बाटो एकदम चिप्लो थियो र डेसी मोटरसाइकलबाट लडिरहिन्।

जब मोटर साइकलको बाटो सकियो तब तिनीहरू आठ घन्टा लामो बाटो हिंडेर अर्को गाउँमा जानुपर्ने भयो।

तर पहाडको गाउँमा जानु भन्दा पहिले तिनीहरूले स्थानीय सरकारी कार्यालयबाट त्यहाँ जाने अनुमति लिनुपर्थ्यो। ती विद्यार्थीहरू जाने गाउँ लिम्बोङ्गका धेरै मानिसहरू त्यस कार्यालयमा थिए।। जब तिनीहरूले डेसी र उनका साथीलाई देखे तब तिनीहरूले भव्य ताली बजाएर गाउमा लगे र गाउँलेहरूलाई ठूलो खबर सुनाए। जब ती युवा स्वयम्सेवकहरू गाउँमा आए तब तिनीहरूलाई परम्परागत रूपमा ठूलो समारोहसाथ स्वागत गरे। कालो प्वाँख भएका कुखुराका चल्लाहरूलाई मारेर, पोले र उमालेर पाहुनाहरूलाई दिए। गाउँलेहरू नियमितरूपमा कुखुरा खान्थे।

"तिनीहरूको भाषा हामीले बुझेनौं र तिनीहरूले के भनिरहेका थिए सो हामीले बुझनौं र के गर्ने भनेर पनि जानेनौं" डेसीले भनिन्।

अझ येशूको प्रेम तिनीहरूलाई कसरी सुनाउने भन्ने कुरा त झन थाहै थिएन। उनी र उनकी साथी दुई दिनसम्म उपवास बसे र प्रार्थना गरे।

### अँगार र मेवा

दोस्रो दिनमा एक जना गाउँले स्त्रीले तिनीहरूसँग सहायता मागी। उसले ती दुई स्वयं सेवकहरूलाई उनकी आमाकहाँ लगी। आमा इन्डो रिको बिरामी भएर ओछ्यानमा पल्टिरहेकी थिइन्। तिनी रगत बग्ने व्यथाले बिरामी भइरहेकी थिइन्। तिनीहरूले येशूले रगत बग्ने व्यथा भएकी स्त्रीलाई निको

पार्नुभएको मर्कूस ५:२५-३४मा लेखिएको कथा सम्झे। ती स्वयंसेवकहरूसँग बिरामीलाई उपचार गर्ने अनुभव थिएन र के गर्ने सो थाहा थिएन। तर तिनीहरूसँग केही अंगार वा औषधीको रूपमा प्रयोग गरिने चारकोल थियो। तिनीहरूले चारकोललाई दुई चम्चा पानीसँग मिसाएर ती आमालाई ख्वाए। तर ख्वाउनुभन्दा अघि प्रार्थना गर्ने अनुमति ती आमासँग मागे।

"हामीले प्रार्थना गऱ्यौं 'हे प्रभु तपाईंले यी आमालाई यस चारकोलबाट निको पार्न सक्नुहुन्छ भनेर हामी विश्वास गर्छौं" डेसी सम्झन्छिन्। "तर हामी अब के गर्न सक्छौं भनेर सोचिरहेका थियौं" उनले भनिन्।

१००० मिसिनेरी मुभमेन्ट संस्थाको क्याम्पसका मानिसहरूसँग सम्पर्क राख्न तिनीहरूले निधो गरे। त्यसै संस्थाबाट तिनीहरूलाई त्यस गाउँमा पठाइएको थियो। तर मोबाइलबाट बोलाउन तिनीहरू एक घन्टा लामो अर्को पहाडमा गएर चलाउनुपर्थ्यो। बिऊसहित सानो मेवालाई मुछ्नु र एउटा केरासित इन्डोलाई खुवाउनु भनेर क्याम्पसको नर्सले तिनीहरूलाई भनिन्।
इन्डोको घर पुगेपछि डेसीले उनलाई भनिन्, "हामी इसाई हौं। येशूले सहायता गर्नुहुन्छ भनेर हामी विश्वास गर्छौं। यदि तपाईंले यो खानुभयो भने तपाईंलाई सञ्चो हुन्छ।"

ती स्वयंसेवकहरूले इन्डोलाई एक महिनासम्म मेवा र केरा मिसाएर ख्वाए। सुँगुरको मासु र अरू अशुद्ध मासुहरू नखान पनि तिनीहरूले उनलाई भने। जब एक महिना पूरा भयो तब इन्डोको रगत बग्ने व्यथा निको भयो र उनी साविकै रूपमा काम गर्न सक्ने भइन्।

गाउँलेहरू तिनीहरूको काम देखेर सबै छक्क परे। तिनीहरूका बालबच्चा र अरू आफन्तहरूलाई पनि उपचार गर्न ती स्वयंसेवकहरूलाई अनुरोध गरे। तिनीहरू आफूसँग भएको चारकोल र प्रार्थनामा भर परे गाउँलेहरूको उपचार गरे।

ती स्वयंसेवकहरूको कामलाई ती गाउँलेहरूले सराहना गरे र तिनीहरूले ती स्वयंसेवकहरूलाई आफ्नै केही सल्लाह पनि दिए। पालैपालो गरेर ती स्वयंसेवकहरूलाई गाउँमा रहेको एउटा घरमा नजान सल्लाह दिए। "त्यस घरमा नजानु किनभने त्यहाँ तिमीहरूलाई बिष ख्वाउँलान्" गाउँलेहरूले तिनीहरूलाई सतर्क गराए।

तर सबै घरमा जानुपर्छ भनेर ती स्वयंसेवकहरूलाई सिकाएको हुनाले तिनीहरूले गाउँलेहरूको सल्लाहलाई वास्ता गरेनन्।

जब ती स्वयंसेवकहरू त्यही मनाही गरिएको घरमा गए र ढोका घचघचाए। त्यसबेला करिब ३० वर्षकी महिलाले तिनीहरूलाई खुशी भएर स्वागत गरे। उनले तिनीहरूलाई केही खाना र पिउने कुरा दिए।

स्थानीय खाना क्यासाभा र रातो रङ्गको मकै तिनीहरूलाई उनलाई दिइयो। डेसीले त्यस क्यासाभा र रातो मकै देखिन् र आफ्नो साथीलाई खान भनि अन्हाइन्। "पहिला तिमी खाऊ" भनेर उनले भनिन्।"अहँ, पहिला तिमी खाऊ" भनेर उनकी साथीले भनिन्।

डेसीले त्यस महिला जसको नाउँ मामा वान्डी थियो, उनलाई सोधे कि तिनीहरूले खाना अघि प्रार्थना गर्न सक्छन् कि सक्दैनन्। "तिमीहरू किन प्रार्थना गर्न चाहन्छौ?" मामा वान्डीले सोधिन्। "हामीहरू इसाईहरू हौं। हामीले जे गरेपनि प्रार्थना गर्नुपर्छ भनेर हामी विश्वास गर्छौं" डेसीले भनिन्। प्रार्थना गरेपछि तिनीहरूले खाना खाए। तिनीहरूलाई केही पनि भएन।

मामा वान्डीले अर्को दिन पनि खाना खान बोलाइन्। खाना खानुभन्दा अघि तिनीहरूले प्रार्थना गरे। तिनीहरूलाई केही नराम्रो भएन। दुई हप्तासम्म यो क्रम जारी रह्यो। गाउँका अरू मानिसहरूलाई मामा वान्डीले भने, "यी स्वयंसेवकहरू साधारण होइनन्। मैले दुई हप्तासम्म विष भएको खाना ख्याएँ। तिनीहरू कहिल्यै पनि बिरामी भएनन्।"

यो कथा गाउँभरी फैलियो। ती मिसिनेरीहरूलाई बिषले छुन नसकेको कथा सुनेर तिनीहरूले अचम्म माने। धेरै मानिसहरू तिनीहरूबाट परमेश्वरको बारेमा सुन्न आए।

"हामीहरूको कामलाई सकारात्मक रिपोर्ट दिन परमेश्वरले मामा वान्डीलाई प्रयोग गर्नुभयो" डेसीले भनिन्।

डेसी अहिले २१ वर्षकी छिन् र इन्डोनेसियाको सुलावेसी टापुको उत्तरी छेऊमा रहेको एडभेन्टिस्ट युनिभर्सिटासक्लाबाटमा शिक्षा र अङ्ग्रेजी मूल बिषय लिएर अध्ययन गर्दैछिन्। आफ्नो पढाइ सिध्याएपछि त्यही गाउँमा गएर प्राथमिक स्कुल खोल्न चाहन्छिन्। त्यो कथा पछि उनी त्यस गाउँमा धेरै पल्ट पुगिन्। अहिले स्थानीय जिल्लाको पास्टरसँग मामा वान्डीले बाइबल अध्ययन गरिरहेकी कुरा थाहा पाउँदा उनी अत्यन्त खुशी छिन्।

डेसीले भनिन् "बाइबलको अय्यूब ४२:२मा लेखिएको पदले त्यस वर्षले हामीहरूलाई धेरै हौसला दिएको थियो। त्यसमा लेखिएको छ 'मलाई थाहा छ कि तपाईंले जे पनि गर्न सक्नुहुन्छ। तपाईंको लक्ष्यलाई कसैले पनि तपाईंबाट रोक्न सक्दैन' हो परमेश्वरले जे पनि गर्न सक्नुहुन्छ।"

विश्वको आत्मिक स्वयंसेवकहरूलाई सहयोग गर्न तपाईंहरूले दिनुभएको भेटीको निम्ति तपाईंहरूलाई धन्यवाद।

लेखकः *आन्ड्र्यु मेकचेसनी*